# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा,रुपन्देही

पत्र संख्या:-०८०/८१ लुम्बिनी प्रदेश,नेपाल
चलानी नम्बर:- मिति २०८०।०४।१७

## आँखा पाक्ने भाईरल रोग प्रति सचेत रहने सम्बन्धि सुचना

विगत केही दिनदेखी समुदायमा ब्यापक रुपमा आँखा पाक्ने रोग फैलिरहेकाले उक्त रोगबाट बच्न र बचाउनका लागी निम्न उपायहरु अपनाउनु हुन सम्बन्धित सबैमा मायादेवी गाउपालिका को बिशेष अनुरोध छ।

### आँखा पाक्ने रोगका प्रमुख लक्षणहरु -

- एक्कासी एउटा अथवा दुबै आँखा रातो हुने।
- आँखा धैरै चिलाउने।
- आँखामा कचेरा लाग्ने तथा टासिने।
- आँखाबाट आसु बगिरहने।
- घाम तथा उज्यालो प्रकासमा हेर्ने समस्या हुने।

### आँखा पाक्ने रोगबाट बच्ने उपायहरु

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनु भन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने।
- सफा पानीले आँखा सफा गर्ने।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने।
- ब्यक्तिगत सरसफाईमा ध्यान दिने।

### आँखा पाक्ने रोग लागिहालेमा के गर्ने।

- पटक पटक सफा चिसो पानीले आँखा सफा गर्ने।
- आँखा छोईसकेपछि हरेक पटक साबुन पानिले हात सफा गर्ने
- आफुले प्रयोग गरेका रुमाल तौलिया कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने।
- कालो चस्माको प्रयोग गर्ने।
- आफुले प्रयोग गरेको सिरानीको खोल तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधीको प्रयोग नगर्ने।
- ३-४ दिन सम्म पनि निको नभएमा तुरुन्त स्वास्थ्य चौकी एंव आँखा अस्पतालमा सम्पर्क राख्ने।
- बिधालयहरुमा बिशेष रुपमा महामारी कै रुपमा फैलिन सक्ने भएकोले बिधालय बिधार्थी र अभिभावकहरुले बिशेष सतर्कता अपनाउनु हुन ।

प्रमुख
स्वास्थ्य शाखा